१७औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ३१९ ॥ २०८२ माघ ०८ गते बिहिबार (22nd Jan 2026 Thurssday) Pratidin National Daily मूल्य-रु.५/-


# ओलीको भत्काएर आफ्नो माहौल बनाउँदै बालेन

झापा, माघ ७ । अघिल्लो निर्वाचनमा झन्डै पाँच गुणा बढी मत ल्याएर जितेका प्रतिष्पर्धी केपी ओलीको मत बिगारेर राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाह( बालेन) ले झापा ५ मा आफ्नो चुनावी माहौल बनाइरहेका छन् । नयाँ पार्टी भएकोले सांगठनिक हिसाबले रास्वपा कमजोर भएपछि एमाले र कांग्रेसको मत तान्न उनी तल्लीन देखिएका हुन् । प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारी दिएको भोलिपल्टबाट भेटघाटलाई तीब्रता दिएका उनले आफ्नो क्रेजका कारण अन्य दलका नेता कार्यकर्ता आकर्षित गर्दै गएका छन् । नेकपा एमालेनिकट राष्ट्रिय युवा संघ दमकको लगभग सिंगो टीम नै बालेनसंग गएको छ । बुधवार बिहान राष्ट्रिय युवा संघ दमकका अध्यक्ष छवि खतिवडा , उपाध्यक्ष विजय तामाङ , सचिव कमल गैरेसहित लगभग सिंगो टीम नै संगठन परित्याग रास्वपाका उम्मेदवार बालेनसंग गएको हो ।

त्यस्तै बुधवार नै नेपाली कांग्रेस कमलका सचिव महेन्द्र बुढाथोकी पनि पार्टी परित्याग गरी बालेनलाई सघाउने गरी रास्वपामा प्रवेश गरेका छन् ।नेपाली कांग्रेसको दमक नगर सभापति पद त्यागेर रास्वपामा गएका प्रकाश प्रसाईले कांग्रेस र एमालेका अन्य थुप्रैजना बालेनलाई सहयोग गर्न आउन लागेको बताए । प्रसाई छोडेर गएपछि नेपाली कांग्रेस दमक नगर समितिको कार्यवाहक सभापतिको जिम्मेवारी प्रेम भट्टराईले पाएका छन् । बुधबार दमकस्थित पार्टी कार्यालयमा बसेको विस्तारित बैठकले रिक्त रहेको कार्यवाहक सभापतिको जिम्मेवारी नगर उपसभापति समेत रहेका भट्टराईलाई दिने निर्णय गरिएको उपसभापति युवराज खनाल सागरले जानकारी दिए ।

निर्वाचनका बेला युवा संघको नगर कमिटी रितिएपछि एमालेका उम्मेदवार तथा पार्टी अध्यक्ष ओलीले नयाँ कमिटी गठन गरेका छन् । दमक युवा संघ दमकका पदाधिकारीले राजीनामा दिएको केही समयमै दमकका युवा सुदिप फागोको अध्यक्षतामा




युवा संघले नयाँ कमिटी घोषणा गरेको हो ।

दमकस्थित झापा निर्वाचन क्षेत्र न १ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराएर मंगलवार राति बिर्तामोडमा बास बसेका बालेनले बुधवार बिहानैदेखि भेटघाट शुरु गरेका थिए । आफू बसेको बिर्तामोड १ स्थित निश्चल बस्नेतको घरमा उनले पार्टीका अर्का उम्मेदवार तथा निवर्तमान उपसभामुख इन्दिरा राना मगरसंग भेट गरेका थिए । उम्मेदवार मगरसंगै उनले इन्जिनियर हरुलाई पनि भेटेका थिए । पेशाले इन्जिनियर रहेका बालेनलाई झापाका इन्जिनियरहरुले सघाउने जनाइएको छ ।

त्यसपछि उनी सम्पर्क कार्यालय रहेको दमक ५ स्थित लक्ष्मीनारायण मार्गस्थित बिन्दु सिटौला( लक्की) को निवासमा फर्किएका थिए । त्यहाँ उनले आफ्ना पार्टीका उम्मेदवारहरु, जेनजी युवा समूह , समर्थक, अगुवा कार्यकर्तासंग भेटघाट गरेका छन् । भेटघाटको लागि नेपाली कांग्रेसको नगर सभापतिबाट राजीनामा दिएका प्रकाश प्रसाई, जेनजी अगुवा शुभम् सिग्देल, इन्जिनियर सरोज भट्टराई, नेपाली कांग्रेका नेतृ बुलेट आमा, रास्वपाका केन्द्रीय सदस्य तथा मोरङ क्षेत्र नं ३ का उम्मेदवार गणेश कार्कीलगायतसंग छुट्टाछुट्टै भेट गरेका थिए । उनले झापाका उम्मेदवारहरु क्षेत्र नं १ का निशा डाँगी , ३ का प्रकाश पाठक र ४ का शम्भुप्रसाद ढकालसंग चुनावी रणनीतिबारे छलफल गरेका थिए । एउटै कमाण्डबाट परिचालन हुने गरी चुनावी कार्यक्रममा एकरुपता दिनुपर्ने कुरामा बालेनले जोड दिएको झापा ३ का उम्मेदवार रहेका रास्वपा झापाका कार्यवाहक सभापति प्रकाश पाठकले जानकारी दिए । उम्मेदवारहरुलाई भेटिसकेपछि उनले जिल्ला समिति र जिल्लामा रहेका केन्द्रीय नेताहरुसंग छलफल गरेका थिए ।

छलफलमा जिल्ला समितिसंगै केन्द्रीय तहका ओम भण्डारी , शरद जोशी , विरोध सुवेदी , फणिन्द्र न्यौपानेसहित २५ जना सहभागी रहेका थिए ।बालेनले बुधवार नै सुनसरीका उम्मेदवारहरु अशोक चौधरी , सरिन तामाङ , लालविक्रम थापा र दीपककुमार साहसंग पनि चुनावका बारेमा छलफल गरेका थिए । उनले मंगलवार मोरङ १ का उम्मेदवार यज्ञमणि न्यौपानेसंग भेट गरेका थिए ।

बालेनले युवादेखि बृद्धबृद्धासम्मलाई भेट गरेका थिए । उनलाई भेट्न विद्यार्थीहरु पनि पुगेका थिए । बुधवार साँझ इलाम गएका बालेनले सम्पर्क कार्यालयमा दिनभरि करिव पाँच सयजनालाई भेटेको बुझिएको छ ।

## भोट माग्न झुटको सहारा लिनु पर्दैनः ओली

दमक, माघ ७ । नेकपा (एमाले) का अध्यक्ष तथा झापा ५ का उम्मेदवार केपी शर्मा ओलीले जनतासँग भोट माग्न आफूहरूले झुटको सहारा लिनु नपर्ने बताएका छन् ।

उनले नीति, कार्यक्रम र विचारले स्पष्ट भएर जनताको घरदैलोमा गएर जनताको भावना सुन्न आवश्यक रहेको भन्दै यस्तो धारणा राखेका हुन् ।

झापा क्षेत्र नं. ५ का उम्मेदवार ओलीले आफूहरूले गरेका विकासका काम, सुरु भएर अधुरो रहेका निर्माणको काम, विभिन्न पूर्वाधारको विषयमा जनतालाई बुझाउन आग्रह गरे ।

"मलाई लाग्छ यहाँका जनताले आफ्नो अभिमत विकास र निर्माणको पक्षमा जाहेर गर्नुहुने छ" उनले भने । विकासका कुरा, निर्माणका कुरा र विचारका कुरा गर्दा अहिले सामाजिक र भौतिक रूपमा नै आक्रमण हुने त्रासका कारण बोल्न डराउनु पर्ने अवस्था आएको भन्दै उनले भने , "विचारविहीनहरूले विचार भएकाहरूमाथि आक्रमण गर्ने क्रम देखिएको छ, यसलाई निस्तेज पार्नुपर्छ ।"

प्रजातान्त्रिक अभ्यास सबैले गर्न पाउने र उम्मेदवार बन्न पाउने अधिकार संविधानले दिएकाले स्वच्छ प्रतिस्पर्धा गर्न सबैलाई उनले आग्रह गरे । "अवाञ्छित हर्कत तथा गतिविधिहरू भइरहेको सुन्नमा आएको छ, यस्तो गतिविधि रोकिनुपर्छ", अध्यक्ष ओलीले भने ।



सोमबार झापा आएका ओली दमकमा पार्टीका नेता तथा कार्यकर्ता र सर्वसाधारणसँग भेटघाटमा व्यस्त रहेका छन् । निर्वाचन क्षेत्रमा पर्ने दमक, कमल, गौरादह र गौरीगञ्ज पालिकाका पार्टीका सबै कमिटीका पदाधिकारी तथा सदस्यहरू, सर्वसाधारण मतदातासँग संवाद गर्दै आएको एमालेका केन्द्रीय सदस्य इन्द्र भण्डारीले बताए । अध्यक्ष ओली केहीदिन झापामै रहने बताइएको छ ।

## माधव नेपाल, रेशम चौधरीलगायत उम्मेदवारविरूद्ध उजुरी

काठमाडौँ । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि मनोनयन दर्ता गरेका उम्मेदवारहरूविरूद्ध दाबी/विरोध परेको छ। निर्वाचन आयोगका अनुसार पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, रेशम चौधरीलगायत उम्मेदवारविरुद्ध उजुरी परेको छ । नेकपा नेता एवं पूर्वप्रधानमन्त्री नेपालले रौतहट-१ बाट उम्मेदवारी दिएका छन् । उनीविरुद्ध पतञ्जली जग्गा प्रकरणमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेकाले उम्मेदवार हुन अयोग्य रहेको दाबी गरिएको छ ।





नागरिक उन्मुक्ति पार्टी नेपालका कैलाली-१ का उम्मेदवार भएका रेशमलाल चौधरीविरूद्ध पनि उजुरी दर्ता भएको छ । उनी टिकापुर हत्याकाण्डमा सर्वोच्च अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन् । तर, उनलाई राष्ट्रपतिबाट सजाय माफी दिएर छुटाइएको हो ।

त्यस्तै, सुनसरी-२ बाट रास्वपा उम्मेदवार लालबिक्रम थापा, भक्तपुर-२ बाट रास्वपा उम्मेदवार राजीव खत्री, भक्तपुर-२ बाटै नेपाल जनसेवा पार्टीबाट उम्मेदवार भएकी जानुका पाठकविरूद्ध उजुरी दर्ता भएको आयोगले जनाएको छ । रास्वपाका उम्मेदवार खत्रीविरुद्ध नेपाल स्काउटबाट लिएको पेस्की फछ्र्यौट नगरेको भन्दै उजुरी परेको छ । उनले स्काउटबाट ९५ हजार रुपैयाँ पेस्की लिएको तर फछ्र्यौंट नगरेको दाबीसहित उजुरी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।भक्तपुर- २ कै उम्मेदवार पाठकविरुद्ध भने नागरिकताको विवरण र मनोनयनपत्रको विवरण नमिलेको दाबीसहित उजुरी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले बुधबार १० बजेदेखि ३ बजेसम्म उजुरी दर्ताको समय तोकिएकोमा उक्त अवधिमा भक्तपुरमा २, रौतहटमा १ र सुनसरीमा १ र कैलालीमा १ उजुरी परेको बताए । उम्मेदवारविरुद्ध परेका उजुरीमाथि बिहीबार ५ बजेभित्र छानबिन गरी टुंग्याइने उनले बताए ।

यसैबीच आसन्न फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनका लागि रौतहट क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका माधवकुमार नेपालविरुद्ध परेको उजुरी दरपीठ भएको छ।

पूर्वप्रधानमन्त्री तथा नेकपाका सह-संयोजक समेत रहेका नेता माधव नेपालको उम्मेदवारी खारेज गर्नुपर्ने माग गर्दै रौतहट क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार राम नरेश यादवले निर्वाचन अधिकृतको कार्यालय गौरमा उजुरी दिएका थिए। पतञ्जली योगपीठको जग्गा प्रकरणमा भ्रष्टाचार गरेको आरोपमा माधवकुमार नेपालविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेको र मिसिल झिकाउने आदेश आएपछि भ्रष्टाचार मुद्दा दायर भई निलम्बित अवस्थामा रहेका व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १७ बमोजिम निर्वाचन लड्न अयोग्य हुने भएकाले उनको उम्मेदवारी खारेज गर्नुपर्ने मागसहित उजुरी दर्ता गराइएको भए पनि मुख्य निर्वाचन अधिकृतको कार्यालय रौतहटले उजुरी दर्ता गर्न नमिल्ने हुँदा दरपीठ गरिदिएको र अन्य निवेदन नपरेकाले दरपीठ गरिदिएको रौतहट क्षेत्र नम्बर एकका मुख्य निर्वाचन अधिकृत मनोज केसीले जानकारी दिए।

## गायत्री मन्दिरको वार्षिकोत्सवमा दातालाई सम्मान गरिने

झापा, माघ ७ । पूर्वकै पहिलो बिर्तामोड नगरपालिका-५ स्थित गायत्री माता मन्दिरको प्रथम वार्षिकोत्सव माघ ९ गते मनाइने भएको छ ।

वार्षिकोत्सवको अवसरमा मन्दिर स्थापना तथा निर्माणमा सहयोग पुऱ्याउने दाताहरूलाई सम्मान गरिनेछ भने विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन र सांस्कृतिक कार्यक्रम आयोजना गरिने मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

बुधवार मन्दिर परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै बार्षिकोत्सवका समयमा गरिने कार्यक्रमका बारेमा जानकारी गराइएको हो । मन्दिर निर्माण




समितिका संयोजक तथा संरक्षक रौनक बंशलको अध्यक्षतामा भएको कार्यक्रममा मन्दिर संरक्षक समितिका सदस्य भेषराज भण्डारी प्रशान्तले माघ ९ गते हुने कार्यक्रमका विषयमा जानकारी गराएका थिए ।

वार्षिकोत्सवमा ९ गते साँझ ६ बजेदेखि प्रसिद्ध भजन गायक राजु अधिकारी, रोशन अधिकारी र गुञ्जन दाहालसहितको टोलीले संगीतमय भजन प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । साथै, भव्य श्रृंगारसहित महाप्रसाद वितरण गरिने जनाइएको छ ।

त्यस्तै मन्दिर निर्माणमा सहयोग पुऱ्याउने स्थानीय सरकार, प्रदेश सरकार सहित ७५ जना दातालाई सम्मान गरिने मन्दिरका संरक्षक बंशलले जानकारी दिए ।

पूर्वी नेपालमै पहिलो पटक करिब अढाई करोड रुपैयाँको लागतमा निर्माण गरिएको यस मन्दिरले छोटो समयमै आस्थाको केन्द्रका रूपमा परिचय बनाएको छ । मन्दिर सञ्चालनको पहिलो वर्षमै दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरिसकेको व्यवस्थापन समितिको दाबी छ । अर्जुनधारा जलेश्वर धामपछि पूर्वकै बढी भक्तजन आउने धार्मिक स्थलका रूपमा गायत्री माता मन्दिर परिचित बन्दै गएको छ । २०८० साल जेठ १७ गते निर्माण सुरु भई २०८१ साल माघ २१ गते विधिपूर्वक प्राण-प्रतिष्ठा गरी मन्दिर


❖ बाँकी पृष्ठ ४ मा


## शिवसताक्षीमा ट्र्याक्टरबाट लडेर सहचालकको मृत्यु

झापा, माघ ७ । झापाको शिवसताक्षीमा गुडिरहेको ट्र्याक्टरबाट लडेर सहचालकको मृत्यु भएको छ । बुधवार साँझ ६ बजे शिवसताक्षी ६ जामबारीस्थित




झिलझिले-कुञ्जिबारी पक्की सडकखण्डमा बिष्णु चोकबाट जनता चोकतर्फ जाँदै गरेको मे १ त ७५६३ नम्बरको ट्र्याक्टरबाट लडेर ट्र्याक्टरका सहचालक सोही ठाउँ बस्ने २२ वर्षीय नारायण राजवंशीको मृत्यु भएको हो । अचानक गुडिरहेको ट्र्याक्टरबाट लडेर गम्भीर घाइते भएका राजवंशीलाई उपचारको लागि आंम्दा अस्पताल दमक लगिएकोमा डाक्टरले मृत घोषणा गरेका थिए । ट्र्याक्टर चालक सोही ठाउँ बस्ने ३० वर्षीय नितेस घिमिरे र ट्र्याक्टर इलाका प्रहरी कार्यालय शिवगंजको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## एसइई चैत १९ गतेदेखि २९ सम्म



झापा । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षाको तालिका सार्वजनिक गरेको हो । जस अनुसार चैत १९ गते पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुने छ । त्यस्तै चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषयको परीक्षा सञ्चालन हुने छ ।

बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) टुकराज अधिकारीका अनुसार चैत २७, २८ र २९ गते भने प्राविधिक धारका बाँकी विषयका परीक्षा सञ्चालन हुने छ ।

यसपटक फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएका कारण एसइई गत वर्षको भन्दा १२ दिन ढिलो हुन लागेको हो । गत वर्षको एसइई चैत ७ गतेदेखि सञ्चालन भएको थियो ।

# महेन्द्र ज्योतिका २२२ जना विद्यार्थीलाई न्यानो लुगा वितरण

झापा, माघ ७ , नेपाली कांग्रेसका कोशी प्रदेश सभापति तथा पूर्वमुख्यमन्त्री उद्धव थापाले शिक्षा क्षेत्रको आमूल सुधार नगरी देश विकासको कल्पना सम्भव नहुने बताएका छन् ।

राजनीतिक प्रणाली पञ्चायतदेखि प्रजातन्त्र हुँदै गणतन्त्रसम्म आइपुगे पनि शिक्षा नीति भने दशकौँअघिकै ढाँचामा अड्किएको भन्दै त्यसकै परिणामस्वरूप मुलुकले अपेक्षित प्रगति हासिल गर्न नसकेको उनको भनाइ छ ।बिर्तामोड-१० स्थित महेन्द्र ज्योति माध्यमिक विद्यालयमा आयोजित विद्यार्थीलाई न्यानो लुगा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै थापाले २०२८ सालको शिक्षा नीतिलाई आधार मानेर आज पनि शिक्षा प्रणाली सञ्चालन भइरहेको उल्लेख गरे ।

'मुलुकमा पञ्चायत गयो, प्रजातन्त्र आयो, गणतन्त्र आयो, तर शिक्षा क्षेत्रमा सार्थक परिवर्तन आउन सकेन,' उनले भने, 'यसैले हाम्रो शिक्षा क्षेत्रको अवस्था कस्तो छ भन्ने सहजै अनुमान गर्न सकिन्छ ।'

थापाले शिक्षाविना चौतर्फी विकास र समृद्धि सम्भव नहुने स्पष्ट पार्दै देश विकासको मेरुदण्ड नै शिक्षा भएको बताए । तर राज्यले बजेट निर्माणका क्रममा शिक्षा क्षेत्रलाई सधैं ओझेलमा पार्दै आएको उनको आरोप छ ।

'भौतिक विकास बाहेकको विकासलाई हामी विकास नै ठान्दैनौं,' उनले भने, 'नीति निर्माण गर्दा पहिलो प्राथमिकता सधैं भौतिक पूर्वाधारलाई दिइन्छ, शिक्षा दोस्रो वा तेस्रो पंक्तिमा धकेलिन्छ । यही कारण शिक्षा क्षेत्र सधैं उपेक्षित रहँदै आएको छ ।'



उनले शिक्षा क्षेत्रको विकासका लागि राज्यका कुनै तह र निकायले गम्भीर रूपमा खोजी नगरेको पनि बताए । असल नागरिक उत्पादन गर्न सक्ने शिक्षा नीति नआएसम्म देशले परिकल्पना गरेअनुसारको समृद्धि हासिल गर्न नसक्ने उनको निष्कर्ष थियो ।

'अब बन्ने सरकारले शिक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ,' थापाले भने, 'नयाँ शिक्षा नीति ल्याएर सक्षम, नैतिक र जिम्मेवार नागरिक उत्पादन गर्न सक्ने वातावरण तयार गर्नुपर्छ ।'

थापाका अनुसार देशको मुहार फेर्ने प्रमुख अंग शिक्षा भए पनि असल शिक्षा नीति नहुँदा मुलुक अपेक्षित गतिमा अघि बढ्न नसकेको हो । कार्यक्रममार्फत उनले विद्यार्थीलाई न्यानो कपडा वितरण गर्दै शिक्षा क्षेत्रमा राज्यको लगानी र ध्यान बढाउन आग्रह गरे । बिर्तामोड उद्योग वाणिज्य संघअन्तर्गतको महिला उद्यमी समूहले बालबालिकालाई लक्षित गर्दै स्वीटर वितरण गरेको थियो ।

सो कार्यक्रमका प्रमुख अतिथि समेत रहेका थापाले बालबालिकाको भविष्य सुरक्षित गर्न सकेमात्रै मुलुक समृद्ध बन्न सक्ने धारणा व्यक्त गरे ।

महेन्द्र ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महिला उद्यमी समूहकी अध्यक्ष राधिका चुडाल हुमागाईंले विद्यालयका पूर्वविद्यार्थी अमर रिसालले आफ्नी श्रीमती अनिता लकाई (हाल अष्ट्रेलिया) को जन्मदिनको अवसरमा प्रदान गरेको रकमबाट २२२ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको जानकारी दिइन् ।

सो समारोहमा नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति तथा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईंलगायत व्यक्तित्वहरूले विद्यालयको अवस्थाप्रति चासो व्यक्त गर्दै आगामी दिनमा थप सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

विद्यालयका प्रधानाध्यापक जयकुमार झाले विद्यालयको शैक्षिक अवस्था तथा विद्यार्थीहरूको अवस्थाबारे जानकारी गराएका थिए । कार्यक्रमको सञ्चालन सोही विद्यालयका शिक्षक विरेन्द्र कडरियाले गरेका थिए ।

# निदिको स्कुल बस पूर्वी नवलपरासीमा दुर्घटना हुँदा ६ जना घाइते

झापा, माघ ७ । बिर्तामोडको निदि स्कुलको बस पूर्वी नवलपरासीको बुलिङ्टारमा दुर्घटना हुँदा ६ जना घाइते भएका छन् ।

उनीहरूमध्ये गम्भीर अवस्थाका २ जना विद्यार्थीलाई उपचारका लागि भरतपुर पठाइएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार बिर्तामोड २ स्थित निदि कलेजका विद्यार्थी शैक्षिक भ्रमण सकेर पोखरा हुँदै गैंडाकोटतर्फ आउँदै गर्दा कालिगण्डकी सडकमा बस दुर्घटनामा परेको हो ।

बसमा ३४ जना विद्यार्थी थिए । घाइतेमध्ये केहीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । पूर्वी नवलपरासीको गैंडाकोट डेढगाउँ कालिगण्डकी सडकमा ब्रेक फेल भएर बस दुर्घटनामा परेको इलाका प्रहरी कार्यालय बुलिङ्टारले जनाएको छ ।बिर्तामोडबाट माघ २गते बिद्यार्थी लिई शैक्षिक भ्रमणमा गएको बस पोखरा, पाल्पा हुँदै फर्कने क्रममा दुर्घटना भएको हो । निदि सेकेण्डरी स्कुल आदर्श स्कूलको होटल म्यानेजमेन्टका विद्यार्थीहरु सवार बस दुर्घटना भएको हो ।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याडडाँडा ,झापा

## जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।


# कोशीका २८ क्षेत्रमा ५०८ उम्मेदवार चुनावी मैदानमा

झापा । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारको भीड लाग्दा कोशी प्रदेशमा चुनावी माहोल तातेको छ। कोशीमा २८ वटा निर्वाचन क्षेत्र छन्। २८ निर्वाचन क्षेत्रमा कुल ५०८ जनाले उम्मेदवारी दर्ता गराएका छन्। जसका कारण आगामी निर्वाचनका लागि प्रतिस्पर्धा असाधारण रूपमा बढेको देखिन्छ।

उम्मेदवारहरुले विकास निर्माण, समृद्धि, पहिचान र नीतिगत मुद्दा बहसको केन्द्रमा राख्ने अपेक्षा छ। प्रदेश निर्वाचन कार्यालय विराटनगरका अनुसार प्रारम्भिक तथ्यांकअनुसार उम्मेदवारको संख्या ५०८ रहेको हो। उजुरी, छानबिन र अन्तिम नामावली प्रकाशनपछि संख्या केही घटबढ हुन सक्ने कार्यालयले जनाएको छ। ठूला राजनीतिक दलका उम्मेदवारसँगै स्वतन्त्र र साना दलका उम्मेदवारको उल्लेखनीय उपस्थितिले चुनावी बहसलाई बहुआयामिक बनाएको छ।

सबैभन्दा धेरै उम्मेदवारी सुनसरी निर्वाचन क्षेत्र नम्बर ४ मा परेको छ। त्यहाँ ३४ जना मैदानमा उत्रिएका छन्। सुनसरीका चारवटै निर्वाचन क्षेत्रमा गरी १०९ जनाले उम्मेदवारी दिएका छन्। क्षेत्र नम्बर १ मा २६, २ मा २८, ३ मा २२ र क्षेत्र ४ मा ३४ जना उम्मेदवार छन्। औद्योगिक, सहरी र ग्रामीण क्षेत्रको मिश्रण रहेको सुनसरीमा दल र स्वतन्त्र उम्मेदवारबीच कडा प्रतिस्पर्धा देखिन्छ।

६ वटा निर्वाचन क्षेत्र रहेको मोरङमा ११८ जनाले उम्मेदवारी दर्ता गराएका छन्। मोरङ १ मा १८, २ मा १७, ३ मा २१, ४ मा २०, ५ मा २२ र ६ मा २० जना उम्मेदवार छन्। प्रदेश राजधानी विराटनगर समेटिएको मोरङ यसपटक पनि राजनीतिक गतिविधिको केन्द्रमा देखिएको छ।




५ निर्वाचन क्षेत्र रहेको झापामा ९० जनाले उम्मेदवारी दिएका छन्। झापा १ मा १५, २ मा १८, ३ मा १७, ४ मा १६ र ५ मा २४ जना उम्मेदवार छन्। विशेषगरी झापा ५ मा उम्मेदवारको संख्या बढी देखिएको छ। सो क्षेत्रमा नेकपा (एमाले) अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पाटी (रास्वपा)बाट बालेन्द्र साह (बालेन)को उम्मेदवारीले प्रतिस्पर्धा थप चर्किने संकेत मिलेको छ।

दुई-दुईवटा निर्वाचन क्षेत्र रहेका उदयपुर र इलाममा पनि चुनावी चासो कम छैन। उदयपुरमा ३१ जना उम्मेदवार छन्। उदयपुर १ मा १८ र २ मा १३ जनाले उम्मेदवारी दिएका हुन्। इलाममा कुल २७ जना मैदानमा छन्। इलाम १ मा १३ र २ मा १४ जना मैदानमा छन्।

पहाडी तथा हिमाली जिल्लाहरूमा पनि उम्मेदवारको संख्या उल्लेखनीय छ। ताप्लेजुङमा १३, पाँचथरमा १५, संखुवासभामा १६, तेह्रथुममा १२, भोजपुरमा १२, धनकुटामा १८, सोलुखुम्बुमा १२, खोटाङमा १५ र ओखलढुंगामा १६ जनाले उम्मेदवारी दिएका छन्। विकट भूगोल रहेका पहाडी तथा हिमाली जिल्लामा देखिएको सक्रियताले राजनीतिक सहभागिता बढ्दो क्रममा रहेको संकेत गर्छ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार उम्मेदवारी दर्ता प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। अब प्रारम्भिक सूची प्रकाशन, उजुरी छानबिन र अन्तिम नामावली सार्वजनिक भएपछि औपचारिक चुनावी प्रचार तीव्र हुने छ। उम्मेदवारको संख्या र विविधता हेर्दा कोशी प्रदेशमा यसपटकको प्रतिनिधिसभा निर्वाचन परम्परागत दलगत प्रतिस्पर्धाभन्दा फराकिलो र बहुपक्षीय बन्ने संकेत देखिएको छ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री सागर बुढाथोकी, पश्चिमः श्री सुकदेव प्रसाद चौधरी को नाममा जारी गरिएको ।

सावकि अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री गायत्रा श्रेष्ठले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९ ०२०० | १२३२ १२३३ | ११८.५१, ११८.५१ | २०८२/०८ /१४ | २०८२/०८ /१४ | २०८२/१०/०७ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री कुमार दंगाल, पश्चिमः श्री नेत्र तिम्सिना, उत्तर : श्री सडक, दक्षिण : श्री नन्द कुमारी न्यौपानेको नाममा जारी गरिएको ।

बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री सीता तिम्सिनाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | - | २३५७ | ०-१-१० | २०८२/०८ /१४ | २०८२/०८ /१४ | २०८२/१०/०४ |

## ऋण/कर्जा चुक्ताभुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८२/१०/०८

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

तपसिल

| शाखा कार्यालय : बैगुनधुरा | कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा |
|---|---|
| ऋणी, धितो र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | |
| ऋणी : कमल गाउँपालिका ३ नं वडा कार्यालय केरखा झापामा मिति २०८०/०६/२५ मा प्रमाण पत्र नं ५८३ अन्तरगत रजिष्ट्रड/दर्ता भएको व्यवसाय रहने स्थान कमल-३, फाल्गुनन्द टोल भएको बिन्दावाशिनी फर्माका तर्फबाट ऐ. का प्रोप्राइटर शिव प्रसाद कोइरालाको नाति सिद्धिप्रसाद कोइरालाको छोरा नागरिकता बमोजिम झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ६ बस्ने मिति २०६२/०५/२१ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४/४३७ भएको बर्ष ४० को सरोज कोइराला । | |
| धितो सुरक्षणको विवरण : सरोज कोइरालाको नाममा भुमिसुधार तथा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. २ स्थित कि.नं. ३७१०, ३७१२ र ३७०८ को क्षेत्रफल क्रमश ०-८-१०, ०-७-० र ०-४-१० (बि.क.धु) को जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| व्यक्तिगत जमानीकर्ता :<br>नाम : गोमा देवी कोइराला<br>बाबु : धर्म राज रेग्मी<br>पति : सिद्धी प्रसाद कोइराला<br>ना प्र नं : ०१४२, झापा (मितिः २०४५/०२/१७)<br>ठेगाना : झापा जिल्ला, शिवगञ्ज गाउँ पञ्चायत, वडा न १, स्थायी ठेगाना भै झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ६ बस्ने । | व्यक्तिगत जमानीकर्ता :<br>नाम : सिद्धी प्रसाद कोइराला<br>बाबु : शिव प्रसाद कोइराला<br>बाजे : अग्नीधर कोइराला<br>ना प्र नं : १३०५०/१३७९, उदयपुर (मितिः २०४२/२/२८)<br>ठेगाना : उदयपुर जिल्ला, सोरुङछविसे गा.वि.स. ७, स्थायी ठेगाना भै झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ६ बस्ने । |

कर्जा असली विभाग


## गायत्री...

सञ्चालनमा आएको थियो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीबाट प्राण-प्रतिष्ठा सम्पन्न गरिएको उक्त कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पाँचदिने अनुष्ठानको उद्घाटन गरेका थिए भने जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचन गरिएको थियो । गत वर्ष गायत्री जयन्तीका अवसरमा नगर परिक्रमा, धार्मिक सभा र सन्ध्या आरतीसहित विशेष कार्यक्रम आयोजना गरिएको थियो, जसमा बटुक, स्काउट, विभिन्न संघ-संस्था तथा भक्तजनको उल्लेख्य सहभागिता रहेको थियो ।

मन्दिर निर्माण सम्पन्नसँगै ३१ सदस्यीय व्यवस्थापन समिति र ३१ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ । निर्माण समितिका संयोजक रौनक वंशलको संरक्षकत्वमा गठित व्यवस्थापन समितिमा विवेक अग्रवाल संयोजक, सुजित अग्रवाल सह-संयोजक, मनोज बजाज सचिव र राजेश अग्रवाल कोषाध्यक्ष रहेका छन् । मन्दिर व्यवस्थापन समितिले धार्मिक आस्था मजबुत बनाउँदै धार्मिक पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने लक्ष्य लिएको जनाएको छ । समितिले प्रथम वार्षिकोत्सवमा सम्पूर्ण श्रद्धालु भक्तजन, दाता, शुभेच्छुक तथा सर्वसाधारणलाई सहभागी भई कार्यक्रमको शोभा बढाउन आग्रह गरेको छ । मन्दिरका सल्लाहकारसमेत रहेका मेघराज बास्तोला,मन्दिर व्यवस्थापन समितिका संयोजक विवेक अग्रवाल , सदस्य मुकेश अग्रवाल , अग्रसेन भवनका अध्यक्ष रमेश अग्रवाल , मारवाडी सेवा समितिका विजय गोयललगायतको उपस्थितिमा आयोजना गरिएको पत्रकार सम्मेलनको संचालन पत्रकार स्वस्तिका आचार्यले गरेकी थिइन् ।


## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

**१. हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

**२. तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

**३. भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

**४. बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

**५. आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

**६. लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

**७ सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गंभीर भएर उम्मेदवार छान्नुस्

आगामी फागुन २१ गतेको निर्वाचनका लागि दलहरुले आज प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन् । २१ फागुनको निर्वाचनका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता भएसँगै निर्वाचनको माहोल अझै तातिनेछ, निर्वाचन क्षेत्रसम्मै चुनावी तरंग विस्तारित हुनेछ । घरदैलोमा अनेक रुपमा आउने उम्मेदवारहरुलाई जनताले चिन्नु पर्छ । जनताले न्याय गर्नुपर्ने बेला आएको छ । राजनीतिक दलहरूले पनि हेक्का राख्नुपर्ने बेला आएको छ ।

आउँदो फागुन २१ मा हुने चुनावमा मतदाताले आश, त्रास, भ्रम र जालमा नपरी मतदान गर्नुस् । उम्मेदवार जनताप्रति कति धेरै इमान्दार छन् पहिले नै बुझेर वा नियालेर हेर्नुस् । तस्करका पैसाबाट निर्वाचनका साधन र प्रचार शैली पनि ध्यान दिएर अध्ययन गर्नुस् । बुथमा हुने खर्चका तरिका र बुथमा बस्ने प्रतिनिधिको व्यवहार र चालचलन मसिनुसँग विचार गर्नुस् । गाडी सवारी र तामझामका तरिका, खर्चको खोलो, खुवाइको हैसियत, बेलुकाका रमझम दिउँसोको खाजालगायतको लेखाजोखा राख्नुस् । कस्ता गाडी, कति गाडी, कस्ता र कहाँका मान्छे याद गर्नुस् । पाए पैदल हिंडने, साइकलमा हिंड्ने, पुरानो मोटरसाइकलमा हिंड्ने, खाजा पनि निस्तो चिउरा खाँदै हिंड्ने तर सोच विचार आधुनिक वैज्ञानिक स्वाभाविक सामान्य नीति, भविष्य धेरै परसम्म देखेका जनमुखी आचरण भएका नेता हेर्नुस् । त्यस्तै, जेन–जी आन्दोलनको मर्मको बोध पनि अर्को अपरिहार्य विषय हो । २३ र २४ भदौको जेन–जी आन्दोलनले अहिलेको राजनीतिक कोर्स तय गरेको हो । यस आन्दोलनका केही मूलभूत विषय छन् । सुशासन, नीतिगत प्रष्टता, नयाँ पुस्तालाई राजनीतिक जिम्मेवारी जस्ता विषय आन्दोलनले खोजेको छ । यसका लागि दलहरूको दुई किसिमको जिम्मेवारी छ । पहिलो, उम्मेदवार नै यस्तो चयन गर्न सक्नुपर्‍यो कि ऊ सुशासनको योद्धा हुनेछ भनेर जनताले पत्याउन् ।

भ्रष्टाचारको आरोप लागेका, पदीय जिम्मेवारी पूरा नगरेका, अघिल्लो निर्वाचनमा गरेका वाचा अलपत्र छाडेका, गुन्डा नाइकेहरूले सुशासनको एजेन्डा बोक्न सक्दैनन् । त्यसको वकालत गर्ने सामर्थ्य पनि राख्दैनन् । अब पनि त्यस्ता व्यक्तिलाई टिकट दिनु भनेको जेन–जी आन्दोलनको भावना र सन्देशलाई अवमूल्यन गर्नु हो । यस सन्दर्भमा नागरिक समाजको भूमिका अपेक्षित छ । उनीहरूले दलहरूलाई निगरानी र खबरदारी गर्नुपर्छ । दलहरूले बलमिच्याइँ गरेर जथाभावी उम्मेदवार पठाए भने मताधिकारमार्फत जवाफ दिने अधिकार जनतासमक्ष छ ।

त्यसैले दलहरूले आफ्नो उम्मेदवार टुंग्याउँदा आसेपासेलाई भन्दा अहिलेको विशेष समयको बोध गर्न र यसले माग गर्ने एजेन्डा बोक्न सक्छन् कि सक्दैनन् भनेर हेक्का राख्न जरुरी छ । हाम्रा कलिला छोराछोरीमाथि गोली प्रहार गर्ने उम्मेदवारलाई तिरस्कार गर्नुस् । जनताको सेवकलाई जनप्रतिनिधि बनाउनुस् ।




# सार्वजनिक सेवाको सहव्यवस्थापन



• गोपीनाथ मैनाली

सत्तरीको दशकबाट विकास र सेवा व्यवस्थापनमा सरकार मात्र एक्लो प्रदाता होइन भन्ने अवधारणा विकास भयो । सरकारको बढ्दो कार्यक्षेत्र र घट्दो प्रभावकारिताका कारण विकासनिर्माण र सेवा प्रवाहमा विभिन्न विकल्प खोज्ने काम निरन्तर भए । साथै सुशासन र समृद्धिको मुद्दा पनि पेचिलो बन्दै गयो । जहाँ धेरै काम त्यही धेरै अनियमितता र त्यही अधिक लागत पनि देखियो । उता निजी तथा सामुदायिक क्षेत्रमा भएको सामर्थ्य विस्तार र प्रवर्तनकारी प्रदर्शनले पनि सहकार्य, साझेदारी र सहउत्पादनका ढाँचा उपयोगमा ल्याउन सरकारमाथि दबाब पर्दै आयो । एकातिर सेवाग्राही सर्वसाधारणमा आएको चेतना र अर्कोतर्फ राज्य लामो समयसम्म एकल सेवा प्रदाता बन्न सक्दैन भन्ने अवधारणाको परिणामस्वरूप सम्भाव्य क्षेत्रमा सेवाग्राहीसँग सहकार्य गर्ने वातावरण बनेपछि सेवा व्यवस्थापनमा सहउत्पादनको अभ्यास हुन थाल्यो ।

सेवाको सहव्यवस्थापन (सहउत्पादन) को अवधारणाले सेवा उपयोग गर्ने सर्वसाधारणलाई लुकेका स्रोतका रूपमा स्वीकार्छ, न कि केवल खर्च गरिने पक्ष मात्र । त्यसैले सेवा व्यवस्थापनको प्रक्रियामा सेवाग्राहीलाई उपेक्षा गर्न हुन्न भन्ने मान्यताको जगमा सेवा व्यवस्थापनले आधारभूमि पाएको छ । यो लोकतन्त्रको घाटा पूरा गर्ने रणनीति पनि बनेको छ । सर्वसाधारण आफूले पाउने सेवा छरितो, स्वादिलो र आफ्ना अपेक्षा अनुरूप समयमै प्राप्त गर्ने हैसियतमा छन् । उनीहरूको अर्थमा लोकतन्त्रको वितरण भनेको सेवाको प्रभावकारी व्यवस्थापन हो । जसरी लोकतन्त्र सहभागितात्मक बन्दै गएको छ, सेवा व्यवस्थापन पनि त्यसै गरी सहभागितामूलक बन्दै गएको छ ।

सार्वजनिक क्षेत्रमा केन्द्रीकृत रूपमा अपनाइँदै आएको सेवाको लक्ष्य निर्धारण गर्ने, प्रक्रिया तोक्ने, मापदण्ड बनाउने जस्ता कार्यको सुधारका लागि सेवाग्राहीलाई हरेक चरणमा संलग्न गराएर सेवामाथि उसको अपनत्व स्थापित गर्नुका साथै सेवा व्यवस्थापनलाई प्रभावकारी, मितव्ययी र दिगो बनाउन सहउत्पादन आवश्यक मानिएको हो । सहउत्पादनको प्रक्रिया सार्वजनिक सेवा व्यवस्थापनभित्र सहकारिताको व्यवहार हो । यसमा सेवाग्राही र सेवादायी दुई पक्ष देखिँदैनन्, प्रक्रियामा सबै पात्र समान विश्वास र आपसिकताको साझा बन्धनमा रहन्छन्, लिने र दिनेको सम्बन्धमा देखिँदैनन् । जसले प्रक्रियामा विश्वास र परिणाममा गुणस्तर विस्तार गर्छ । जस्तो कि चिकित्सक र बिरामी एवं उनका आफन्तको सहकार्यले उपचारसेवा राम्रो बन्छ । अर्को अर्थमा भन्दा सार्वजनिक सेवा सेवाग्राहीका लागि सेवाग्राहीबाट सेवाग्राहीकै क्षमता पनि उपयोग गरेर व्यवस्थापन गरिने कार्यमूलक अवधारणा हो । सर्वसाधारण र सरकार दुवैसँग आआफ्नै क्षमता, सम्भावना र स्रोत छन्, त्यसको संयोजनबाट सधैं राम्रो नतिजा उत्पादन गर्न सकिन्छ । सेवाग्राहीसँग रहेको ज्ञान, सिप, समझदारी, इच्छाशक्ति र आकाङ्क्षा तथा सार्वजनिक निकायसँग रहेको नीति तथा वित्त सामर्थ्य र प्राविधिक सिपलाई संयोजन गरेर सेवाको प्रभावकारिता बढाउन सहउत्पादन एउटा अचुक रणनीति हो । सहउत्पादनले सेवाप्रदायक विज्ञबाट शक्ति, अधिकार र जिम्मेवारीको संरचना परिवर्तन गरी सेवामा सेवाग्राहीलाई समेत संलग्न गराउँछ । यस अर्थमा सेवाग्राही सेवाको निष्क्रिय उपभोक्ता मात्र होइन, आफैं स्रोत सम्भावनाका पुञ्ज पनि हो ।

सहउत्पादनका केही मान्यता छन् । प्रत्येक व्यक्ति योगदान गर्ने क्षमतामा छन्, घटीबढी मात्र हो । सेवा व्यवस्थापनमा पारस्परिक सम्बन्ध साह्रै महत्वपूर्ण छ । सामाजिक सम्बन्धले धेरै गर्न सक्छ, यो सामाजिक पुँजी निर्माणका साथै स्वावलम्बनको मार्ग द्योतन गर्ने सामर्थ्यमा हुन्छ । त्यसैले सामुदायिक योगदानलाई प्रोत्साहन गरिनु पर्छ । विकसित लोकतन्त्रमा सेवा व्यवस्थापनका आयाममा सेवाग्राही र सेवादायी सहकार्यमा एकीकृत प्रयास गर्छन् । परिणामतः सेवाग्राही सन्तुष्ट छन्, सरकारप्रति नागरिकको विश्वास पनि मजबुत छ ।

सेवाको सहउत्पादनको अवधारणा त्यति नयाँ आविष्कार होइन, यो सेवा प्रक्रियाको आन्तरिक पक्षसँग पहिलेदेखि नै गासिएको छ । तर अहिले यसले महत्व पाएको र विभिन्न कारणले यसको महत्व बढ्दै गएको मात्र हो । सार्वजनिक सेवाका जिम्मेवारी लिने निकाय किन सेवा सुधार गर्न उदासीन छन् र सेवाग्राही नागरिक सार्वजनिक सेवाबाट किन असन्तुष्ट छन् भन्ने विषयमा समाजशास्त्रीले गरेको निरन्तर खोज, अध्ययन र प्रयासको निष्कर्षको परिणाम सेवा सहउत्पादनको अवधारणाले महत्व पाएको हो । यस अवधारणालाई सैद्धान्तिक स्वरूप विकास सन् २००९ मा अर्थशास्त्रका लागि नोवेल पुरस्कार विजेता इलिनोर ओस्ट्रोमले गरेकी हुन् । ओस्ट्रोम र इन्डियाना विश्वविद्यालयको समूहले सन् १९७० को दशकदेखि अध्ययन गरिरहेको थियो कि ठुला सङ्गठनबाट प्रवाहित सेवा किन प्रभावकारी छैनन् ? शिकागोका प्रहरीहरू समुदायमा सेवा दिन किन सक्षम छैनन् ? वा उनीहरूलाई स्थानीय अपराध नियन्त्रणलाई सुनिश्चित गर्न समुदायको संलग्नता नै आवश्यक हो भन्ने निष्कर्षमा नै सहउत्पादनको अवधारणा विकास भएको हो । उनको निष्कर्ष थियो प्रणालीभित्र नरहेका व्यक्तिले आफ्ना लागि गरिने काममा राम्रो योगदान गर्न सक्छन् ।

इलिनोर ओष्ट्रोमको अवधारणालाई प्राज्ञिक परिभाषा दिने काम त्यसपछि एडगार काहनले गरे । काहन तथा ओष्ट्रोम दुवैले अपराध नियन्त्रण सेवाका आधारमा सेवाग्राहीको संलग्नता अध्ययनको क्षेत्र बनाएका थिए तर बेलायतमा भने सहउत्पादनको अवधारणा प्रहरी अपराध सेवाका अतिरिक्त अन्य सार्वजनिक सेवा र स्वयमसेवी क्षेत्रमा पनि उपयोग गरियो । बेलायतले सन् २००९ बाट लांकशायरको न्यायिक प्रणालीमा यसलाई उपयोग गर्‍यो । त्यसपछि स्वास्थ्य, शिक्षा, सामुदायिक सेवालगायतका कार्यमा यसलाई विस्तार गरियो । यसका चतुष्कोणीय महत्व क्षेत्र छन् भन्ने गरिन्छ । पहिलो, सर्वसाधारण नै वास्तविक स्रोत हुन् भन्ने पहिचान गर्छ । दोस्रो, सेवाको महत्व सिद्ध गर्छ । तेस्रो, सेवाग्राही र सरकारबिच पारस्परिक विश्वास र आपसिकता बढाउँछ र चौथो, सामाजिक क्षमताको कार्यसञ्जालीकरण गर्छ तर के बुझ्नु हुन्न भने सहउत्पादन सहव्यवस्थापन भनेको छलफल होइन, सेवा मात्र होइन र वैयक्तिक स्रोत व्यवस्थापन पनि होइन । यो सहलगानी, सहप्रयासको समझदारी हो । सहउत्पादनको प्रक्रियाले सार्वजनिक सेवालाई रूपान्तरण गर्छ, सेवाग्राहीले सेवा व्यवस्थापन प्रक्रियामा सहभागी हुने अवसर पाउँछन् र यसले निरन्तर अग्रसरता विकासमार्फत सेवालाई दिगो बनाउँछ । सरकार आविस्कारमुखी बन्छ ।

सहउत्पादनको विस्तृत अवधारणाभित्र यसका विभिन्न चरणगत विधिलाई उल्लेख गर्न सकिन्छ । पहिलो चरण सेवाको चाजोपाजो हो । जस अन्तर्गत सेवा व्यवस्थापनका सुरुवाती कामहरू जस्तो कि नीति सल्लाह, सेवा प्राथमिकीकरण र सेवाका लागि वित्त आकलन पर्छन् । दोस्रो चरण सेवाको सहप्रारूपण हो । यसले सेवाको ढाँचा निर्धारण गर्दा समुदायको ज्ञान, सिप र आकाङ्क्षालाई समावेश गर्छ । कतिपय अवस्थामा सेवा प्रारूपणलाई अन्तिम रूप दिँदा सेवा उत्पादन कार्यशालालाई पनि उपयोग गरिन्छ । त्यसपछिको चरण सेवाको सहवितरण वा सामूहिक कार्यसम्पादन हो, यस चरणमा लाभ वितरणसम्म पर्छ । अन्तिममा सहमूल्याङ्कन गरिन्छ । यस चरणमा सामूहिक विवेचना, सुनुवाई पद्धति र गुणचक्र उपयोग गरिन्छ । आजभोलि मिश्रित वित्तका विभिन्न ढाँचा जस्तो कि सार्वजनिक सामुदायिक साझेदारी, लागत सहभागिता, इन्जिनियरिङ प्रकुरमेन्ट, न्यून पूर्ति कोष परिचालन आदि ।

सार्वजनिक सेवा सहउत्पादनको प्रमुख आशय सेवा सम्बन्ध, सेवा प्रक्रिया, सेवा लागत, सेवामा दिगोपना जस्ता सबै आयाममा सुधार गर्नु हो । त्यसैले यो सार्वजनिक क्षेत्र वा समग्र शासकीय सुधारको रणनीति हो । यस रणनीतिबाट सेवाग्राहीलाई मात्र लाभ पुग्दैन, सबै सरोकारवालालाई फाइदा पुग्छ । उपभोक्ता वा सेवाग्राहीलाई पुग्ने प्रमुख सुविधामा सेवा उपलब्धि सुधार, जीवनस्तर सुधार, सेवाको दिगोपना, सशक्तीकरण र सम्बन्ध सुधार हुन् । सामाजिक पुँजी निर्माण, सामाजिक सहभाव विस्तार, सेवा सुनिश्चितता र स्तर सुधार आमनागरिकलाई पुग्ने फाइदा हुन् । त्यस्तै यसले सेवा वितरणका अग्रपङ्क्तिका कार्यालयलाई पनि फाइदा पुग्छ । कर्मचारीले सन्तुष्ट सेवाग्राहीसँग कार्य गर्ने अवसर पाउँछन्, यसबाट कार्यसन्तुष्टि बढ्न गई नयाँ जिम्मेवारीको सम्भावना विस्तार हुन्छ । उच्च व्यवस्थापक नीति निर्माणमा संलग्न हुन पाउँछन्, झिनामसिना कुरामा टाउको दुखाउनु पर्दैन । राजनीतिकर्मीलाई यस अर्थमा फाइदा पुग्छ कि उनीहरूको मतदाताको सन्तुष्टि विस्तार हुँदा राज्य प्रणालीको छवि बढ्न जान्छ, सुशासन संस्थागत हुन्छ र रूपान्तरणको यात्रा सहज हुन्छ । यसैले यो सबैको सन्तुष्टि विस्तार गर्ने जित जितको रणनीति हो ।

नेपाल जस्ता विकासशील मुलुकका लागि सेवा व्यवस्थापनमा सहउत्पादनको प्रक्रिया यस कारण आवश्यक छ कि सेवाग्राहीले आफूले पाएको सेवामा प्रश्न उठाइरहेका छन्, सर्वत्र अनियमितता र ढिलासुस्ती छ । सेवाको न्यून प्रभावकारिताका कारण सरकार र सेवाग्राहीबिच विश्वासको खाडल फराकिलो छ । सुशासन सधैंको कार्यसूची बने पनि जनताको अनुभूत तहमा यसलाई महसुस गरिएको छैन । त्यसैले सम्भाव्य क्षेत्रमा सेवा सहउत्पादन (सहव्यवस्थापन) का ढाँचा अभ्यासले राज्य र नागरिकबिच एकत्वको भावना विस्तार भई नागरिक सेवा मितव्ययी, कार्यकुशल र प्रभावकारी बन्न पुग्छ । गोप

# हुस्सुमा हराएको राजनीति, घाम खै ?




• विश्वास चेपाङ/ दीपा नेपाली

गरिब भन्ने बित्तिकै नेताको दिमागमा कस्तो चित्र आउला ? एक कट्टा चामल, एक छाक मासु खान कुनै चाडपर्व आए झैं चुनावमा नेताको बाटो कुरी बसेका निमुखा जनता। साँझ-बिहान छाक टार्न मुस्किल भएका। जो सडक छेउमा झुपडी बनाएर बस्छन्। जसको एक धुर जग्गा जमिन छैन। दिनभरि ज्याला मजदुरी गरेर पेट पाल्छन्। झुत्रा कपडा टालेर लगाउँछन्। जो फाटेको चप्पल पट्काउँदै हिंड्छन्। र, चुनावमा हुनेखाने नेताको आदेश पालन गर्दै इमान्दार साथ भोट हाल्छन्।

यसरी ती गरिब, निमुखा, सोझा जनताको भोट गन्दै तिनकै चित्र घुमिरहेको छ होला पैसावाला नेताको दिमागमा। जो सधैंका 'भोटर' र दास पक्का छन्, ती नेताका लागि। 'जसमाथि हुनेखानेले मात्र राजनीति गर्नुपर्छ, पैसा नहुनेहरू राजनीतिमा आउनु हुँदैन' भन्ने सुकिलामुकिला नेताको धारणा बनेको छ। आखिर राजनीति के हो ? कस्का लागि ? किन ? यो रहर लहड वा झोकले गरिन्छ कि ? लामो संघर्ष, इमान्दारिता र त्यागले जनताको जीवनस्तर उकास्न गरिन्छ ? जसको कोही छैन, तिनका लागि कोही छ बोल्दिने ? समाजलाई सही दिशा निर्देशन गर्ने ? यसको निर्धारण पैसाले गर्न सक्छ र ? पुस लागेदेखि तराईमा हुस्सुले घामको झुल्को देखिँदैन। तराईका गरिब निमुखा चिसोले प्रताडित छन्। चिसो छल्न परालको सहायतामा दिनरात बिताएका उनै निमुखा जनताले घाम पर्खिरहेको बेला यता नेपाली राजनीतिमा भने उदाएका नयाँ अनुहारको हुस्सु अभिव्यक्तिले गरिब र निमुखा जनताको मनमा मजैले बादल लागेको छ। अब ती जनताका निम्ति बिहानी झुल्किन्छ अथवा रात नै भइरहने हो ? गम्भीर प्रश्न छ पुसको चिसो हुस्सु त फाटेर घाम लाग्ला एकदिन। तर नेपाली राजनीतिमा लागेको हुस्सु फाटेर जनताको बिहानी कहिले छाउँला ? अझै पिँधका जनताले बिहानी देख्न कति रातहरू बिताउनुपर्ने हो ? त्यसको कुनै टुंगो छैन। अब त अँध्यारोमा जीवन बिताएकाहरूको निम्ति सुनौलो बिहानी उदाउनुपर्ने होइन र ?

गरिबमाथि राजनीतिक ह्यारासः नयाँ र पुराना राजनीतिक दलहरूको समानुपातिक सूचीबारे चौतर्फी चर्को आलोचना भइरहेकै छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेत्री तथा पूर्वसांसद विनिता कठायतले अन्तर्वार्तामा दिएको अभिव्यक्तिले सामाजिक सञ्जाल तरंगित छ। उनी भन्छिन्, 'च्याट च्याट चप्पल लगाएर, घरमा खान पनि नभएको व्यक्ति, पैसा छैन, केही छैन, अनि त्यो व्यक्तिलाई ल्याउने, राजनीतिमा राखिदिने अनि पैसा खायो पनि भन्ने ? त्यस्तो होइन पैसा नभएकालाई राजनीतिमा ल्याएपछि घुस खान्छन्, गुनासो गर्न आवश्यक छैन।' यो कुनै दरबारको उर्दी होइन। यो लोकतान्त्रिक व्यवस्थामा उदाएका नयाँ युवाको अभिव्यक्ति हो। यही हो नेपाली राजनीतिको चुरो कुरो। उहाँले प्राप्त गरेको राजनीतिक ज्ञानको कुरा हो यो। जे बुझ्नु भयो। त्यही भन्नु भयो।

अचम्म मान्नुपर्ने केही छैन। यो आजको पुँजीवादी राजनीतिक बुझाए यसरी नै तरंगित हुँदैछ। पैसा हुनेले मात्र राजनीति गर्ने। नहुनेले तिनीलाई नेता पत्याई दिनुपर्ने। यो पुँजीवादी राजनीतिक दुर्लभ विचार हो। राजनीति मैदानमा उत्रिएका नयाँको संकीर्ण बुझाइको तीतो सत्य हो। फरक यतिमात्र हो। अरूले व्यवहारमा देखाए। माननीय विनिताले बोलेर। वास्तवमा नेपाली राजनीति गोजीको पैसाजस्तै बनिरहेको छ। यो लोकतान्त्रिक व्यवस्थामा जसको मुद्दा उसकै नेतृत्व हुनुपर्ने होइन र ? लोकतन्त्रले यही भनेको छ र धनीले राजनीति गर, गरिबले नगर ? खासगरी नेतृत्वले बोल्नुपर्ने पैसा नहुनेको नेतृत्व स्थापित गर्न, धनी गरिबबीचको असमानता हटाउन लागि होइन र ?

राजनीति दरबारको हुकुम होइन। यो हरेक नागरिकको आवाज हो। राजनीति कसले गर्ने, कसले नगर्ने त्यो राजनीतिक सवालको विषय होइन। जोसँग राजनीतिक विचार छ। सिद्धान्त छ यसैले गर्ने हो राजनीति।

लोकतान्त्रिक व्यवस्थामा जसको मुद्दा उसकै नेतृत्व हुनुपर्ने होइन र ? लोकतन्त्रले यही भनेको छ र धनीले राजनीति गर, गरिबले नगर ? खासगरी नेतृत्वले बोल्नुपर्ने पैसा नहुनेको नेतृत्व स्थापित गर्न, धनी गरिबबीचको असमानता हटाउन लागि होइन र ?

नेताले देशका लागि कहिल्यै राम्रो नसोच्ने अनि असल नेतृत्व छान्न जनताले कहिल्यै नजान्ने ! अनि कसरी बन्छ देश ? देश पैसा भएकाले होइन, जनताको आवाज सुन्ने नेतृत्वले बनाउन सक्छ।

यदि पैसावालाले मात्र राजनीति गर्ने हो भने नेपालका सबैभन्दा धनी व्यक्ति विनोद चौधरीकै हातमा नेपालको राजनीति हुनुपर्ने होला नि ! मधेस, कर्णाली, सुदूरपश्चिम, विकट, दूरदराज, सुकुम्बासी, गरिब, निमुखा, सीमान्तकृत उत्पीडित वर्ग, समुदाय आदिवासी, जनजाति, महिला, दलित, मधेसी, मुस्लिम आदिको मुद्दाको नेतृत्व उहाँले नै गर्नुपर्ने हो। त्यतिमात्र होइन, देशको प्रधानमन्त्री विनोद चौधरी नै बन्नुपर्ने हो ? जसले विकट क्षेत्र, पछि पारिएका सीमान्तकृत उत्पीडित लोपोन्मुख जाति समुदायले राजनीति जान्नै पर्थेन। बुझ्नै पर्थेन। गर्नै पर्थेन। राजनीतिको मालिक एउटा धनी व्यक्ति भए पुग्थ्यो। जहाँ माननीय विनिता कठायतजस्तो मध्यम वर्गीय व्यक्ति कर्णालीबाट राजनीति गर्नै पर्थेन नि।

यति राजनीतिक ज्ञान सामाजिक परिवेश र जनताको अवस्थाले पढाइसकेको छ। यति सानो कुरा नबुझी वर्गीय विभेदको राजनीतिक अभिव्यक्ति दिनु राजनीतिक इतिहासको अपमान हो। राजनीति खुला आकाश हो। जसले इतिहासदेखि उड्न नपाएकालाई उड्ने स्थान बनाइदिएको छ। राजनीति दरबारको हुकुम होइन। यो हरेक नागरिकको आवाज हो। राजनीति कसले गर्ने, कसले नगर्ने त्यो राजनीतिक सवालको विषय होइन। जोसँग राजनीतिक विचार छ। सिद्धान्त छ यसैले गर्ने हो राजनीति। यो देश धनीमात्रको होइन। गरिब निमुखाको पनि हो भन्ने व्यवस्थामा छौं हामी। यो व्यवस्थाले पैसावालालाई भन्दा विचार, सिद्धान्त र मुद्दा भएकालाई चिन्छ। यति कुराको चेतना नयाँमा हुनुपर्छ।

विषादी राजनीति हुनेखानेको, पीडा गरिबकोः नेपाली समाजमा राजनीति, सुन र कालिमाटीको विषादी तरकारीको मूल्य अकासिएको छ। पैसा हुनेले किन्छन्। नहुनेले हेरेर चित्त बुझाउँछन्। यही महँगिएको राजनीतिक राजनीतिमा केही बोल्छन्, पैसा हुनेले राजनीति गर्ने हो भनेर। जसरी व्यापारीको कालाबजारी मनपरी चलिरा'छ, जनताको ढाड सेक्ने गरी। जहाँ नेता व्यापारी साहुजस्ता र गरिब, निमुखा जनता ग्राहक जस्तो बन्नु परेको छ। त्यसरी चालिरा'छ, नेताको राजनीति पनि गरिबको अपमान गर्नेगरी। नेपालीमा एउटा उखान छ, 'हुनेलाई मातैमात, नहुनेलाई कान्पुरामा हात।' भने झैं जनताको पीडा र अवस्थाको सतहमा पुगेर बुझ्न जरुरी छ।

कोही किन धनी, कोही कोही किन गरिब। कोही किन शोषित। कोही किन शासक। कोही किन नेतामात्र। कोही किन भोटर। कसैलाई दिनभरि काम गरे पनि साँझ बिहान खान नपुग्ने, कसैलाई जीवनभर काम नगरेर खान पुग्ने। कोही किन सित्तैमा नेता बन्न पाइराछन्, कोही किन राजनीतिक संघर्षमा जति योगदान गरे पनि राजनीति मूलधारसम्म पुग्दैनन् ? यसको कुनै कारण छ होला नि ? यसको इतिहास युवा नेतृत्वले अध्ययन गर्नुपर्ने होइन र ? जबकि पब्लिकमा कहिएका, सामाजिक छवि भएका गरिब निमुखा दलित, सीमान्तकृत उत्पीडित र लोपोन्मुख समुदाय राजनीतिको मूल ढोकाबाट बाहिरिनु पर्छ।

प्रत्यक्ष निर्वाचन लड्ने हैसियत भएका समानुपातिक सूचीमा पनि अट्न सकिरहेका छैन। जसको ज्वलन्त उदाहरणमा हुनुहुन्छ, चमार समुदायका डा. रामजी राम। उहाँले समानुपातिक सूचीबाट आफ्नो नाम झिक्नु परेको छ। उसरी सामाजिक ज्ञान, भोगाइ, अनुभव, जीवन संघर्ष र राजनीतिक चेतनामा डा. रामजी राम नेपालका मै हुँ भन्ने युवा नेताभन्दा कम हुनुहुन्न। धनीले गरेको शासनले गरिबको उत्थान हुने भए राजतन्त्रमा नै हुने थियो। देश नै राजा महाराजको निजीजस्तो थियो। अनि दुई, चार पैसा गोजीमा भएका भर्खर उदयका नेताले के को फुर्ती लगाउनु र कहीं ? पैसाले देश बन्ने भए, गरिब निमुखा जनताको भलो हुने भए, सामाजिक न्याय, अधिकार, स्वतन्त्रता, समानताका निम्ति योगमायालगायत ६८ जनाले किन जल समाधि गर्नुपर्थ्यो अरुण नदीमा ? इतिहास साक्षी छ।

प्रजातन्त्र ल्याउन गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र पुष्पलाल श्रेष्ठजस्ता वीर सपत सहिद हुनुपर्‍यो। दसवर्से माओवादी सशस्त्र संघर्ष दिलबहादुर रम्तेललगायतले जनताको व्यवस्था ल्याउन ज्यानको आहुति दिनुपर्‍यो। भ्रष्टाचाररहित देश निर्माण गर्न, स्थायी सरकार र सुशासनका निम्ति जेन-जी आन्दोलको विरासत आँखा अगाडि छ। यसलाई कुल्चेर असान्दर्भिक राजनीति अभिव्यक्ति दिनु धनीलाई राजनीतिक मालिक र गरिब निमुखालाई नेताको दास सोच्ने अपरिपक्व राजनीतिक विचार हो। यो व्यवस्थाका खातिर गरिब, निमुखा र सर्वहारा वर्गको अपमान गरेर होइन, तिनको सामाजिक न्याय, समानता, अधिकार, स्वतन्त्रता स्थापित गर्न आवाज बनेर, मुद्दा बोकेर, रगत बगाएर र ज्यानलाई मृत्युको बली चढाएर सहिद भएका महान् सपूतको बलिदानले गरिबको पक्षमा विरासत रचेको छ। त्यो आजका नेताले बिर्सन मिल्दैन।

राजनीति पैसा होइन, जनताको आवाज होः राजनीति धनीको इतिहास होइन। गरिबले स्थापना गरेको विरासत हो। जहाँ सबैभन्दा

❖ बाँकी तेस्रो पृष्ठमा

# लिट्मसद्वारा इलेक्ट्रिसियनहरूका लागि सीप सुधार कार्यक्रम

काठमाडौँ । लिट्मस इन्डस्ट्रिज लिमिटेडले इलेक्ट्रिसियनहरूका लागि सीप सुधार कार्यक्रम आधिकारिक रूपमा शुरुवात गरेको छ। शिक्षा, दक्षता र सुरक्षा भन्ने कम्पनीको नारामा आधारित यो विशेष सीपमुलक कार्यक्रम सुरुमा काठमाडौँमा गर्न लागिएको र निकट भविष्यमै देशव्यापी विस्तार गर्ने योजना रहेको छ।




सीप सुधार कार्यक्रम लिट्मसका उत्पादन प्रयोग गर्ने इलेक्ट्रिसियनहरूका लागि विशेष रूपमा तयार गरिएको हो, जसले कम्पनीले आफ्ना ग्राहकप्रति राखेको जिम्मेवारी र योगदानको प्रतिबिम्ब देखाउँछ। यस पहलमार्फत लिट्मसले प्राविधिक सीपलाई थप सुदृढ बनाउँदै देशभर सुरक्षित इलेक्ट्रिक अभ्यासलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

बीस दिने तालिमले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा ध्यान केन्द्रित गर्नेछ। यसमा औद्योगिक इलेक्ट्रिक वायरिङ तथा स्थापना, मोटर कन्ट्रोल प्रणाली, अर्थिङ, लाइटनिङ प्रोटेक्सन, जेनेरेटर प्रणाली तथा अन्य आवश्यक ह्यान्ड्स-अन सीपहरू समावेश छन्।

इलेक्ट्रिसियनहरूको दक्षता बढाएर सुरक्षित वायरिङ र गुणस्तरीय विद्युत सुनिश्चित गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

यो तालिम सीटीइभीटीसँग आबद्ध बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीसँगको सहकार्यमा सञ्चालन भइरहेको छ, जसले संरचित, उद्योग-सम्बन्धित र मापदण्डयुक्त प्राविधिक शिक्षा सुनिश्चित गर्नेछ।

कार्यक्रमको औपचारिक शुरुवात लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ता र बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशीलकुमार श्रेष्ठबीच भएको हस्ताक्षर समारोहमार्फत गरिएको हो।

समारोहमा बोल्दै लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ताले भनिन्, "यो पहल तालिम मात्र नभएर समाज र ग्राहकप्रतिको हाम्रो जिम्मेवारी हो। लिट्मस सधैं आफ्ना ग्राहकसँग उभिएको छ र सधैं उभिरहनेछ,शिक्षा र सीप विकासको यो कार्यक्रममार्फत सुरक्षित वायरिङ अभ्यास र गुणस्तरीय विद्युत स्थापनालाई प्रवर्द्धन गर्नेछ। काठमाडौँबाट सुरु गरिएको यो तालिम देशभर विस्तार गर्न पाउँदा हामी गर्वान्वित छौं।"

बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशीलकुमार श्रेष्ठले आफ्ना धारणा व्यक्त गर्दै भने, "लिट्मस इन्डस्ट्रिज लिमिटेडजस्तो प्रतिष्ठित कम्पनीसँग यो महत्वपूर्ण पहलमा सहकार्य गर्न पाउँदा हामी अत्यन्तखुसी छौं। यस कार्यक्रमले इलेक्ट्रिसियनहरूको सीप, व्यवसायिक दक्षता र सुरक्षा सचेतनामा वृद्धि गरी समाजमा सकारात्मक प्रभाव पार्नेछ।"

"शिक्षा,दक्षता र सुरक्षा"भन्ने नाराबाट प्रेरित लिट्मसको सीप सुधार कार्यक्रमले इलेक्ट्रिसियनहरूलाई सशक्त बनाउने, सुरक्षा मापदण्ड सुधार गर्ने र नेपालमा दक्ष प्राविधिक जनशक्ति विकासमा योगदान पुऱ्याउने कम्पनीको प्रतिबद्धतालाई स्पष्ट रूपमा देखाएको छ।

लिट्मस इन्डस्ट्रिज लिमिटेडको बारेमा

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालकै अग्रणी तार, केबल र कन्डक्टर निर्माता कम्पनी हो, जसले सुरक्षा, नवीनता र भरपर्दोपनमा निरन्तर उच्च मापदण्ड कायम गर्दै आएको छ। देशको पूर्वाधार विकासमा योगदान पुऱ्याउँदै, लिट्मसले अन्तर्राष्ट्रिय स्तरका विद्युत समाधानहरू प्रदान गर्दै समुदाय र उद्योगमा विश्वास र प्रगति फैलाउँदै आएको छ।

# समानुपातिकमा ओलीको गृहजिल्ला हाबी

झापा। प्रतिनिधिसभा निर्वाचनको समानुपातिक सूचीलाई लिएर एमालेभित्र असन्तुष्टि उत्पन्न भएको छ।

उपेक्षित, उत्पीडित वर्ग, समुदाय तथा सीमान्तकृत समूहको संसद्मा प्रतिनिधित्व सुनिश्चित गर्ने समानुपातिक निर्वाचन प्रणालीको मर्मविपरीत नेताका आफन्त तथा आसेपासे, पहुँचवाला, पटक-पटक लाभ पाएका नेता र 'तरमारा' वर्गलाई बन्दसूचीमा प्राथमिकतामा राखिएको असन्तुष्ट पक्षको भनाइ छ।

मंसिर अन्तिम साता भएको ११औं महाधिवेशनपछि संस्थापनइतर पक्षलाई पनि आवश्यक स्थान दिने अध्यक्ष केपी शर्मा ओलीको भनाइलाई खण्डित हुने गरी समानुपातिक सूचीमा शक्तिशाली नेताका जिल्लाका नाम समेटिएपछि असन्तुष्टि व्यक्त भएको हो।

उपाध्यक्ष गोकर्ण विष्ट र योगेश भट्टराई पक्षले समानुपातिक सूची तयार गर्न आइतबारको सचिवालय बैठकमा सबै पक्षका व्यक्तिलाई समेट्न मत राखेका थिए।

त्यसपछि अन्तिम निर्णय गर्ने जिम्मा अध्यक्ष ओली आफैले लिएका थिए। निर्वाचन आयोगमा बुझाएको सूचीमा संस्थापन पक्ष बाहेकका नेता नसमेटिएपछि आपत्ति भएको छ।

माओवादी र एमालेमा हुँदा पटकपटक अवसर पाएका उपाध्यक्ष रामबहादुर थापा, सचिव पद्मा आर्याल, शान्ता चौधरी, उषाकला राई, निरु पाल र कोमल वली समानुपातिक सूचीमा समेटिएका छन्। थापा माओवादी, एमाले सरकारको शक्तिशाली मन्त्री, सांसद भइसकेका छन्।

अर्याल पनि ओली सरकारमा मन्त्री र चौधरी, राई, पाल र वली पनि यसअघि सांसद भइसकेका छन्।

एमालेले निर्वाचन आयोगमा बुझाएको समानुपातिक बन्दसूचीमा सबैभन्दा धेरै ओलीको गृहजिल्ला झापाबाट राखिएको छ। झापाबाट ९ जना समानुपातिक सूचीमा परेका छन्। 'अध्यक्षकै जिल्लाबाट यतिधेरै किन भन्ने प्रश्न छ। एमालेमा सबभन्दा बढी योगदान झापाकै हो कि ? यो प्रश्न गम्भीर छ,' एक नेताले असन्तुष्टि व्यक्ति गरे। पुस १४ मा आयोगमा बुझाएको बन्दसूची अनुसार झापाबाट अनिता सुब्बा, विद्यानन्द राजवंशी, नर्मदादेवी सिवाकोटी, मेनुका काफ्ले, लता प्रसाईं, नीता घतानी, जितु दर्जी गौतम, सोम पोर्तेल र बिना साह महतो समानपातिक सूचीमा परेका छन्।

महासचिव पोखरेलेको जिल्ला दाङबाट कोमल वली, शान्ता चौधरी र साजिदा सिद्दिकी समानुपातिक उम्मेदवार बनाइएको छ।

मुलुकका १७ जिल्लाबाट समानुपाति सूचीमा एकजना पनि परेका छैनन्। ती जिल्लाका नेताहरुले असन्तुष्टि जनाएका छन्। ताप्लेजुङ, तेह्रथुम, ओखलढुंगा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर, गोरखा, मनाङ, बागलुङ, रुकुम पश्चिम, डोल्पा, जुम्ला, दैलेख, डडेलधुरा, बाजुरा र रुपन्देही जिल्लाबाट एकजना पनि परेका छैनन्।

समानुपातिक सूचीमा सबैभन्दा बढी झापा र त्यसपछि धनुषाबाट परेका छन्। झापा ओली र धनुषा उपमहासचिब रघुवीर महासेठको जिल्ला हो। झापाबाट १०, धनुषाबाट ८, काठमाडौंबाट ७, चितवनबाट ५, कैलालीबाट ५, पाल्पाबाट ४, दाङबाट ४ र धादिङबाट ४ जना छन्।

त्यस्तै तीन व्यक्ति सिफारिस भएका जिल्लामा काभ्रेपलाञ्चोक, रौतहट, सिरहा, सर्लाही र बाँके छन्। १२ जिल्लाबाट दुई/दुई र ३० जिल्लाबाट एक-एक जना समेटिएका छन्।

एमाले नेता राजेन्द्र गौतमले समानुपातिक सूचीमा नपरेको भन्दै असन्तुष्टि जनाएका छन्। 'मेरो जिल्लाबाट एक जना पनि समानुपातिक सूचीमा नपर्नु विधिको बिडम्बना हो,' उनले भने, 'त्यसकारण सन्तुलित सूची भएन।'

केन्द्रीय सदस्य रचना खड्का राजनीतिको मूलधारमा नआएका व्यक्तिलाई समेट्नुपर्नेमा पटकपटक अवसर पाएका व्यक्तिलाई समेटिएको बताइन्। 'समानुपातिक सूचीमा दैनिक राजनीतिभन्दा बाहिरका क्षमतावान व्यक्ति ल्याउन समानुपातिक व्यवस्था गरिएको हो,' समानुपातिक छनोटले आन्तरिक एकताको सन्देश नदिएको भन्दै उनले थपिनन्, 'महाधिवेशन प्रतिनिधि छनोटदेखि प्रतिस्पर्धासम्म हेर्दा एकतामा फर्काउने अवसर थियो। तर यसलाई कार्यान्वयन गरेर जान सकेनौं। कसैका लागि राजनीति कति सजिलो ? कसैका लागि आकाशको फल कसरी भयो ?' उनले एमालेको समानुपातिक सूचीले आम जनतालाई आकर्षण गर्न कठिक हुने बताइन्।

सचिव राजन भट्टराईले महत्वपूर्ण निर्णयमा असन्तुष्टि हुनु स्वाभाविक भएको उल्लेख गर्दै पार्टी जीवनमा योगदान गरेका, विभिन्न समुदायबाट समेट्नैपर्ने व्यक्ति समानुपातिकमा छनोट गरेको बताए। 'महत्वपूर्ण निर्णय गर्दा ठूलो पार्टीमा असन्तुष्टि हुनु स्वाभाविक हो।

समानुपातिक सूचीमा काम गर्न सक्ने व्यक्ति छानिएको हो,' उनले भने, 'पार्टी आन्दोलनमा खटेका भन्दा बाहिरका छानिएका छैनन्।' एमालेले बुझाएको सूचीलाई अन्तिम रुप दिन आयोगले बिहीबार छलफल गरेको छ। एमाले निर्वाचन आयोग प्रमुख निरज आचार्यले सूचीमा रहेका उम्मेदवारको आवश्यक विवरण पुष्टि गर्न आयोगसँग छलफल गरेको बताए।

# बीएण्डसी हस्पिटलमा 'डर्मटोलोजी' सेवा

बिर्तामोड। बीएण्डसी मेडिकल कलेज टिचिङ हस्पिटलले अत्याधुनिक उपकरणसहितको 'डर्मटोलोजी' सेवा सञ्चालनमा ल्याएको छ। झापाको बिर्तामोडमा रहेको बीएण्डसी हस्पिटलले पूर्वमै पहिलोपटक अत्याधुनिक छालासम्बन्धी समस्या समाधान गर्ने सेवा सञ्चालनमा ल्याएको जनाएको छ।

अस्पतालले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी छाला, कपाल, नङ र म्यूकोसल डिसअर्डस्लगायतका रोगहरु उपचार र रोकथाम गर्ने सेवा अत्याधुनिक उपकरणसहित सुचारु गरेको अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए।

उक्त सेवा बिगत ६ महिनादेखि शुरु गरिएको भएपनि अत्याधुनिक उपकरणका साथमा एक महिना अघिदेखि सेवा दिँदै आएको गिरीले बताए। गिरीका अनुसार उक्त सेवा बिमाबाट पनि गर्न सकिनेछ। हाल हस्पिटलमा दैनिक रुपमा १०० जना वढीलाई सो सेवा दिइरहेको गिरीको भनाई छ। 'डर्मटोलोजी' सेवा बीएण्डसी अस्पतालले छुट्टै भवनबाट दिइरहेको छ।

सो सेवा डा. अनिल तिम्सिनासहितको टोलीले दिने गरेको बताइएको छ।

गिरीले उक्त सेवाका लागि भारत र नेपालका अन्य शहर जानु पर्ने बाध्यता हटेको बताउँदै गिरीले अव झापाको बिर्तामोडमै सेवा लिन सकिने बताए। 'डर्मटोलोजी' सेवाबाट त्यस्ता बिरामी उत्साहित भएको अस्पतालले जनाएको छ।

# अमेरिकाबाट थप ८० जना नेपाली डिपोर्ट



काठमाडौँ । अमेरिकाबाट थप ८० जना नेपाली नागरिकलाई डिपोर्ट गरिएको अध्यागमन विभागले जनाएको छ।

विभागका महानिर्देशक रामचन्द्र तिवारीले डिपोर्ट भएका ७९ पुरुष र १ महिला मंगलबार काठमाडौं आइपुगिसकेको जानकारी दिए। अमेरिकाले चाटर्ड विमानमार्फत उनीहरुलाई काठमाडौं ल्याएर छाडेको हो।

डोनाल्ड ट्रमले राष्ट्रपतिको कार्यकाल सम्हालेयता सन् २०२४ जनवरी २० देखि मंगलबारसम्म अमेरिकाबाट डिपोर्ट हुने नेपालीको संख्या ५ सय ४३ पुगेको छ। अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले मंगलबार डिपोर्ट भएर ८० जना नेपाल आइपुगेको र उनीहरुलाई सोधपुछ गराए छाडिएको बताए।

उनीहरुसँग नेपालको प्रहरीको मानव बेचबिखन नियन्त्रण ब्युरोले समेत सोधपुछ एवं कागज गराएर छाडेको छ।

डिपोर्ट हुनेहरु कागजात नभेटिएका, गैरकानुनी बसेका, अध्यागमन कानुन उल्लंघन गरेकालगायत रहेको विभागले जनाएको छ।

# पूर्वसचिव मिश्रासँग भ्रष्टाचार मुद्दामा पाँच लाख धरौटी माग



काठमाडौँ । विशेष अदालतले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी पूर्वअतिरिक्त सचिव डा. सङ्गीता कौशल मिश्रासँग भ्रष्टाचार मुद्दामा पाँच लाख रुपैयाँ धरौटी माग गर्ने आदेश गरेको छ।

न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले बुधवार उक्त रकम धरौटी लिएर तारिखमा राख्ने आदेश गरेको हो।

अदालतले उक्त नगद धरौटी वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम ९२० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनसमेत भनेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत कात्तिक २ गते 'म्यामोग्राफी मेसिन' खरिदमा अनियमितता गरेको भन्दै स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा कौशल मिश्रासहित १४ जनाविरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो।

## हुस्सुमा...

धेरै अन्याय, अत्याचार, दमन, थिचोमिचो, विभेद र गरिबी हुन्छ। त्यहीबाट राजनीतिक विचारको उदय हुन्छ। वास्तविक राजनीतिक संघर्ष गर्नेहरूको जन्म आलिसान महलमा होइन, झुपडीमा हुन्छ। जसको ज्वलन्त प्रमाण हुन्, नेल्सन मण्डेला र अब्राहम लिंकन। जो गरिबी, अपेक्षा र संघर्षको भुइँबाट उठेका थिए। जसको संघर्षले पैसा, पहुँच र शक्तिको आडमा राजनीति गर्नेको अहंकारलाई निस्तेज गरिदिन्छ। अब्राहम लिंकनको जन्म गरिब परिवारमा भएको थियो। उनीसँग न सम्पति थियो न राम्रो शिक्षा। बाल्यकालमा काठ काटेर जीवन धानेका उनले राजनीतिमा प्रवेश गर्दा साथमा पैसा होइन। जनताको पीडा बुझ्ने विचार बोकेका थिए। जसले सत्ता नभई जनताको भावनालाई राजनीतिक केन्द्र बनाए। अमेरिकाको एक झुपडीबाट ह्वाइट हाउससम्म पुगेका थिए। अर्का नेता नेल्सन मण्डेलाको जन्म पनि गरिब परिवारमा भएको थियो। उहाँको राजनीति उपनिवेशवाद, जातीय विभेद र राज्य दमनकै कारण सुरु भएको थियो। राजनीति गर्न पैसाभन्दा धेरै राजनीतिक विवेक, साहस र न्यायप्रतिको प्रतिबद्धता चाहिन्छ भन्ने कुरा उहाँको राजनीतिक इतिहासले पुष्टि गरेको छ।

त्यसैले गरिबले राजनीति गर्न सक्दैन भन्ने भ्रमलाई लिंकन र मण्डेलाको जीवनले सधैंका लागि गलत सावित गरिदिए। नेपाली राजनीतिमा पनि यस्तै व्यक्तिको इतिहास नभएको होइन। नेपाली राजनीतिको विरासतमा त्यस्ता महान् व्यक्तिहरूको इतिहास छ। जो समाजका गरिब, निमुखा र सर्वहारा जनताको पक्षमा लडेर जीवनको आहुति दिए। तिनीहरूको नजरले गरिब जनता माथिको अन्याय देख्यो। त्यसका निम्ति जीवनभर कठोर राजनीतिक संघर्ष गरे। गरिब जनतामा राजनीतिक जागरण ल्याए। जनतालाई तिनीहरूमाथि भइरहेको चरम दमनविरुद्ध डटेर लड्ने चेतनाको दियो बाले। पूर्वदेखि पश्चिम महाकालीसम्म जनताको आवाज बनेर बोलिरहे, लडिरहे, संघर्ष गरे। तर सत्ता र पदका लागि कहिल्यै सम्झौता गरेनन्। त्यो गौरवमय इतिहासमा भेटिन्छन्, योगमाया न्यौपाने, पुष्पलाल श्रेष्ठ, सहाना प्रधान, मदन भण्डारी, शैलजा आचार्य, गणेशमान सिंह, बीपी कोइरालालगायतका नेता। जसको राजनीति पैसाले भएको थिएन।

आफ्नै र सामाजिक भोगाइ, संघर्ष र अनुभवबाट भएको थियो उनीहरूको यो उपलब्धि। त्यही संघर्षबाट उहाँहरूमा राजनीतिक चेत, विचार र सिद्धान्तको उदय भएको थियो। त्यसरी नै उहाँहरूले जनताको मुद्दा शिरमा राखेर, समाज रूपान्तरणको जिम्मालाई काँधमा बोकेर र राष्ट्रको माया छातीमा राखेर राजनीति गरेका थिए। जसको संघर्ष र योगदानबाट आलिसान दरबारबाट चल्ने हुकुमलाई राजनीतिक विचारले प्रस्ट गरिदिएको थियो। गरिब र धनीबीचको विभेदको अन्त्य हुनुपर्छ भन्ने मुद्दा राजनीतिको मियो बन्यो। लिंकन र मण्डेलाजस्तै नेपालका अग्रज नेतृत्वको राजनीतिक संघर्ष अतुलनीय छ। व्यक्तिगत लाभभन्दा पनि जनताको भावनाको कदर गर्ने नेता बने। त्यसैले राजनीति कसैको गोजीको पैसाको मूल्य होइन, जनताको आवाज हो।

इतिहास जीवित छ। यो परिवर्तन गरिबको संघर्षबाट आएको हो। धनीको पैसाले होइन। अन्ततः पाउलो फ्रेरीको एउटा चर्चित भनाइ छ, 'जो प्रगतिशील हुँ भन्छ, उसले अनिवार्य रूपमा निमुखाहरूको पक्ष लिनैपर्छ।' समाजमा मौका पाउने र मौका नपाउने दुई वर्गका मानिस छन्। यसमध्ये कसको पक्षमा काम गर्ने भन्ने कुरा सबभन्दा पहिले छनोट गर्नुपर्दछ भन्ने फ्रेरीको भनाइ छ। फलस्वरूप नेतृत्वले सधैं गरिब, निमुखा र पिँधका जनताको पक्षमा हुनुपर्छ। जो सदियौंदेखि राज्यको अवसरबाट उपेक्षामा परेका छन्। जसको आवाज सुनिँदैन। जसको नेतृत्व राज्यको संरचनामा पुगेको छैन। राजनीति तिनैका लागि हुनुपर्ने हो। नेतृत्वले बोल्नुपर्ने विषय पनि तिनै उपेक्षित जनताको आवाज हो। तर यहाँ त्यसो नभई नेताले चाहेको देश र समाजले खोजेको नेतृत्व उस्ताउस्तै छ। नेताले देशका लागि कहिल्यै राम्रो नसोच्ने प्रवृत्ति कायमै छ। असल नेतृत्व छान्न जनताले कहिल्यै नजान्ने पनि छँदैछ। अनि कसरी बन्छ देश ? कसरी पाउँछन् जनताले सही नेतृत्व ? देश र जनताका निम्ति व्यक्तिको पैसाभन्दा धेरै उसँग भएको जनताको मुद्दा, समाज निर्माणको भिजन, राजनीति र सामाजिक ज्ञान चाहिन्छ होला नि ?

हो, त्यो च्याट च्याट चप्पलको मूल्य राजनीतिक इतिहासमा त्यसको योगदान, संघर्ष, बलिदान र मूल्य कति थियो, छ र हुनेछ। त्यो सडकमा रक्ताम्य बनाइएको जेन-जी विद्रोहको जुत्ताको मूल्य सोधेर बोल्नुपर्ने होइन र नयाँ युवा नेतृत्वले ? त्यो जुत्ता धनीको थियो कि गरिबको ? अथवा महँगो थियो कि सस्तो ? हलुंगो थियो कि गरुंगो ? देश पैसा भएकाले होइन, जनताको आवाज सुन्ने नेतृत्वले बनाउन सक्छ।अपू

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**

**फोन: ०२३-५४०४७८**

**मो: ९८५२६७७३५५**

**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ